# आर्थिक वर्ष २०८०/८१ बजेट वक्तव्य

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्राणी चौर, मकवानपुर
बागमती प्रदेश, नेपाल

## थाहा नगरपपालिका

इन्द्रायणीचौर, मकवानपुर

# आर्थिक वर्ष २०८०/८१ बजेट वक्तव्य

**नगर सभाध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरू**

१. नेपालको संविधानको धारा २१४ मा रहेको स्थानीय तहको कार्यकारिणी अधिकार तथा धारा २३० मा रहेको नगरपालिकाको राजस्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्न गइरहेको छु। गरिमामय यस सभा समक्ष बजेट प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ।

२. सर्वप्रथम लोकतन्त्र र सङ्घीय गणतन्त्र स्थापनाका निम्ति आफ्नो जीवन बलिदानी गर्ने सम्पूर्ण ज्ञात/अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु।

३. विश्व अर्थतन्त्रमा देखिएको शिथिलता तथा त्यसबाट उत्पन्न भएको नकारात्मक प्रभावले नेपालको अर्थतन्त्र पनि यसाबाट अछुतो रहेन। यसको कारणले सङ्घ र प्रदेश सरकारबाट प्राप्त हुने अनुदानमा उल्लेख्य कटौती हुन आएको छ। उपलब्ध सीमित श्रोत साधन बीच थाहा नगरपालिकाले कृषि, स्वास्थ्य, शिक्षा, पूर्वाधार, सामाजिक विकास, पर्यटन, खानेपानी तथा सरसफाइ, क्षमता विकास तथा सशक्तीकरणका क्षेत्रहरूमा बजेट विनियोजन गर्ने प्रयास गरेको छु। जसबाट आम नगरबासीहरूले प्रत्यक्ष लाभ महसुस हुने आशा गरेको छु।

४. बजेट निर्माण गर्दा नेपालको संविधान, १५ औं आवधिक योजना, प्रदेश आवधिक योजना, दिगो विकास लक्ष्य, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक वर्ष २०८०/८१ को सङ्घ र प्रदेशको वार्षिक बजेट तथा कार्यक्रम, थाहा नगरपालकाको आवधिक योजना, थाहा नगरपालिकाको नीति तथा कार्यक्रम, विभिन्न विज्ञ, राजनीतिक दल एवम् संघ/संस्थाको प्रतिनिधिहरू लगायत सम्पूर्ण नगरबासीहरूको राय तथा अन्तर्किया तथा सुझावहरूलाई आधार बनाई आर्थिक वर्ष २०८०/८१ को बजेट तर्जुमा गरिएको छ।



विष्णु बहादुर विष्ट
नगर प्रमुख

५. यस बजेटबाट नगरबासीहरूले गरेको विकास तथा सेवा प्रवाहप्रतिको आशा, भरोसा, चाहना एवम् आवश्यकता पूरा हुने विश्वास गरेको छु।

**अध्यक्ष महोदय,**

म अब चालू आर्थिक वर्षको कार्यान्वयनको समीक्षा संक्षेपमा प्रस्तुत गर्न अनुमति चाहन्छु।

६. चालु आर्थिक वर्ष २०७९/८० को लागि सङ्घीय सरकारबाट प्राप्त अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत् ४६ करोड ८ लाख, राजस्वा बाँडफाँड तर्फ १२ करोड ६ लाख ३० हजार, वागमती प्रदेश सरकारबाट अन्तरसरकारी वित्तीय हस्तान्तरण मार्फत् ७ करोड ४८ लाख २२ हजार, सवारी कर मार्फत् ७ करोड ७२ लाख ५० हजार, बाँडफाँडबाट प्राप्त विज्ञापन कर बापत ५५ हजार, रोयल्टीबाट प्राप्त ७१ लाख ४२ हजार दहत्तरबत्तर बिक्रीबाट प्राप्त हुने ४ करोड ८० लाख, नगद मौज्दात ३९ करोड १६ लाख ५५ हजार ८ सय ६२ समेत गरी कूल बजेट रु १ अर्ब १७ करोड ९३ लाख ५४ हजार ८ सय ६२ अनुमानित बजेट प्रस्तुत भएकोमा हालसम्म ८०.९९% अर्थात् ९५ करोड ५१ लाख ८६ हजार ८ सय ३७ यथार्थ आय भएको छ।

विनियोजित बजेटमा पूँजीगत खर्च रु. ६७ करोड ८ लाख २० हजार ६२ र चालू खर्च रू. ५० करोड ८५ लाख ३४ हजार १ सय खर्च हुने अनुमान गरिएकोमा असार मसान्तसम्म पूँजीगत खर्च ६०% चालू तर्फ ८५% खर्च हुने अनुमान गरिएको छ।

**आदरणीय सभाध्यक्ष महोदय**

अब म बजेट कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीहरू प्रस्तुत गर्न चाहन्छु।

७. बजेट कार्यान्वयन कार्ययोजना अनुरूप हुन नसक्नु, निर्माण व्यवसायीले समयमै काम सम्पन्न गर्न नसक्नु, ढुङ्गा, गिट्टी, बालुवाको आपूर्तिमा अवरोध हुनु, समयमै कृषि बीऊ तथा रासायनिक मलको उपलब्धता नहुनु, उपभोक्ता समितिले



बिष्णु बहादुर बिष्ट
नगर प्रमुख

अपेक्षाकृत रूपमा श्रमदान परिचालन गर्न नसक्नु, समयमै साइट क्लिरेन्स् हुन नसक्नु लगायतका कारण पूँजीगत खर्च अपेक्षाकृत रूपमा हुन सकेको छैन।

८. चालु खर्च वर्षेनी वृद्धि हुँदै गएको छ। सामाजिक सुरक्षा भत्ता, शिक्षक तथा कर्मचारीको तलब, भत्ता, प्रशासनिक लगायतका खर्चमा वृद्धि भई विकास बजेटको श्रोतमा चाप परेको छ।

९. चालु आर्थिक वर्षमा राजस्व लक्ष्यभन्दा कम उठेको छ। राजस्वका स्रोतहरूको पहिचान गर्न नसक्नु, दक्ष जनशक्तिको अभाव, फितलो अनुगमन प्रणाली, राजस्वको दायरा विस्तार नहुनु, राजस्व चुहावट नियन्त्रणमा ध्यान नदिनु, औद्योगिक ग्राम निर्माण गरी उद्योगधन्दा सञ्चालन गर्न नसक्नु, ढुङ्गा, गिट्टी, बालुवा निकासीबाट अपेक्षित आर्थिक लाभ हासिल गर्न नसक्नु जस्ता कारणले लक्ष्य अनुरूपको राजस्व सङ्कलन गर्न सकिएको छैन।

१०. सार्वजनिक सेवा प्रवाहलाई दक्ष, व्यावसायिक र नतिजामुखी बनाई स्थानीय सरकारको उद्देश्यसँग आवद्धता गर्नु चुनौती रहेको छ।

११. माथि उल्लिखित चुनौती तथा समस्या हुँदाहुँदै पनि हामीले कृषि क्षेत्रमा, स्वास्थ्य क्षेत्रमा, पूर्वाधार विकासको क्षेत्रमा, क्षमता विकास र सशक्तीकरणको क्षेत्रमा, विद्युतीय भुक्तानी प्रणाली लगायतको क्षेत्रमा नगरपालिकाले सन्तोषजनक सफलता प्राप्त गर्न सफल भएको छ।

**सभाध्यक्ष, महोदय**

**१२. आर्थिक वर्ष २०८०/८१ को बजेटका उद्देश्यहरू निम्नानुसारका छन्:**

क) कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

ख) गुणस्तरीय पूर्वधार विकास गर्ने,

ग) गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षा विकास मार्फत मानव पूँजी निर्माण गर्ने,

घ) सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त, पारदर्शी र जनउत्तरदायी बनाउने,

ङ) लक्षित समूहको क्षमता विकास र सशक्तीकरण गर्ने।

च) उद्यमशिलता मार्फत रोजगारी सिर्जना गरी गरिबी निवारण गर्ने।

अध्यक्ष, महोदय

बजेटका प्राथिमिकताहरू यस प्रकार रहेका छन्ः

क) कृषि,

ख) पूर्वाधार विकास

ग) शिक्षा, स्वास्थ्य लगायत सामाजिक विकास

घ) सुशासन

ङ) उद्यमशिलता र रोजगारी

च) विपद् व्यवस्थापन

छ) क्षमता विकास

**अध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८०/८१ को राजस्व र व्ययको अनुमान पेश गर्न चाहन्छु।

१३. आगामी आर्थिक वर्षमा राजस्व रु. ८ करोड ५४ लाख ५० हजार उठ्ने अनुमान गरिएको छ।

१४. आर्थिक वर्ष २०८०/८१ को लागि कूल बजेट ९८ करोड ८८ लाख ४१ हजार ८ सय ७ विनियोजन गरेको छु। जसमा सङ्घीय सरकारबाट पास समानीकरण अनुदान रु. १२ करोड ४० लाख, समपूरक अनुदान रु ५० लाख, विशेष अनुदान रु. १ करोड सशर्त अनुदान रु. ३१ करोड १४ लाख, राजस्व बाँडफाँड रु. ११ करोड ६२ लाख २ हजार, रोयल्टी रु. २ करोड गरी जम्मा रु. ५८ करोड ८६ लाख २ हजार रहेको छ।

त्यसैगरी प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान रु. १ करोड २६ लाख ८२ हजार, समपूरक अनुदान रु. ४ करोड, विशेष अनुदान रु. ६० लाख, सशर्त अनुदान रु. ६ करोड २५ लाख ५४ हजार र राजस्व बाँडफाँड रु. ८ करोड



विष्णु बहादुर बिष्ट
नगर प्रमुख

३५ लाख ५३ हजार ८ सय ७ पैसा ३२ गरी जम्मा रु. २० करोड ४७ लाख ७९ हजार ८ सय ७ पैसा ३२ रहेको छ।

नगरपालिकाको आन्तरिक आयतर्फ राजस्व (कर तथा गैरकर) रु. ६ करोड ५४ लाख ५० हजार, मालपोत रु. २ करोड, गत आ.व. २०७९/८० को नगद मौज्दात रु. ११ करोड, गरी जम्मा रु. १९ करोड ५४ लाख ५० हजार आम्दानी हुने अनुमान गरिएको छ।

१५. माथि उल्लिखित खर्चलाई निम्नानुसार बाँडफाँडको व्यवस्था मिलाएको छु। प्रस्तुत विषय क्षेत्रगत शीर्षकमा विनियोजित बजेट तथा कार्यक्रमको विस्तृत विवरण विनियोजन ऐनमा समावेश छ।

| सि.नं. | क्षेत्रगत बजेट विनियोजन | बजेट | कैफियत |
|---|---|---|---|
| १ | क्रमागत पूर्वाधार विकासका योजनाहरूतर्फ | ८९६४००००.०० | गत आ.व.को दायित्व सिर्जना भएका योजनाहरु |
| २ | स्वास्थ्य क्षेत्र | १७००००००.०० | |
| ३ | शिक्षा क्षेत्र | २००००००.०० | |
| ४ | कृषि क्षेत्र | २००००००.०० | |
| ५ | पशु तथा भेटेरिनरी | ७५०००००.०० | |
| ६ | सामाजिक विकास | ९५०००००.०० | |
| ७ | युवा तथा खेलकुद | ३५०००००.०० | |
| ८ | विपद व्यबस्थापन कोष | ५००००००.०० | |
| ९ | वातावरण तथा फोहोर मैला व्यबस्थापन | २५०००००.०० | |
| १० | योजना विकास तर्फ | १५०००००.०० | |
| ११ | सहकारी | १०५००००.०० | |
| १२ | उद्योग तथा सुशासन | २५०००००.०० | |
| १३ | न्यायिक समिति | २००००००.०० | |
| १४ | सूचना, सञ्चार तथा पर्यटन | ५००००००.०० | |
| १५ | सूचना प्रविधि विकास | २५०००००.०० | |



विष्णु बहादुर सिंह
नगर प्रमुख

| | | | |
|---|---|---|---|
| १६ | महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा दलित विकास | ४०००००००.०० | |
| १७ | प्रधानमन्त्री रोजगार, सामी, लघु उद्दम | ६५००००.०० | |
| १८ | संघीय समपूरकसँगको साझेदारी | १००००००००.०० | |
| १९ | प्रदेश समपूरक सँगको साझेदारी | ८००००००००.०० | |
| २० | नगरस्तरीय योजनाहरु | ६२८४५८०७.३२ | |
| २१ | वडागत बजेट(१२ वटा वडा) | ११४००००००.०० | पुँजीगत मात्रै |
| २२ | थाहा शीत भण्डार निर्माण | १००००००००.०० | |
| २३ | म्याचिङ्ग फण्ड | १००००००००.०० | |
| २४ | अनिवार्य दाययत्व(चालु तथा प्रशासनिक खर्च-कर्मचारी र निर्वाचित जनप्रतिनिधिको तलव भत्ता समेत) | ११८२०२०००.०० | |
| २५ | सङ्घीय तथा प्रादेशिक विशेष अनुदान तथा सशर्त अनुदान तर्फका कार्यक्रमहरू (कृषि, शिक्षा, स्वास्थ्य, पशु, सामी, प्रधानमन्त्री रोजगार, लघुउद्यम लगायत) | ३८९९५३९९९.६८ | |
| | कुल जम्मा | ९८८८४१८०७.०० | |

१६. उल्लिखित खर्च संङ्घीय र प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान, राजस्व बाँडफाँड, आन्तरिक श्रोत तर्फको राजस्व, नगद मौज्दात र मालपोतबाट प्राप्त राजस्वको स्रोतबाट पूर्ति गरिने व्यवस्था मिलाएको छु।

१७. अन्तमा, यस बजेट निर्माण प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने नगरप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, वडा अध्यक्षज्यूहरू, वडा सदस्यज्यूहरू, शाखा/महाशाखा प्रमुखज्यू लगायत सम्पूर्ण कर्मचारीहरू, विषय विज्ञहरू, विभिन्न संघ/संस्थाका प्रतिनिधिहरू, पत्रकार मित्रहरू लगायत सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्याबाद व्यक्त गर्दछु।

मिति २०८०/०३/१०

भरत गोपाली
नगर उप-प्रमुख